# संघीय संसद
# प्रतिनिधि सभा

एघारौं अधिवेशन

बैठक संख्या - ६१

## दैनिक कार्यसूची

२०७९ भदौ १९ गते

**आइतबार**

दिनको २:०० बजे

### सन्देशको जानकारी

१. प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएको "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनु हुने ।

### समितिमा मनोनयन तथा हेरफेर

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३ बमोजिम गठित कार्यव्यवस्था परामर्श समितिमा मा० सदस्यहरुको मनोनयन गर्नुहुने ।

३. सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २५ र २७ बमोजिम गठित समितिहरुमा मा० सदस्यहरुको नाम हेरफेर गर्नुहुने ।

४. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित विभिन्न समितिहरुमा मा० सदस्यहरुको नाम हेरफेर गर्नुहुने ।

### नियम निलम्बन

५. मा० श्री मिनबहादुर विश्वकर्मले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ र नियम १११ का प्रावधानको समय सीमा छोट्याउन नियमावलीको नियम २५० बमोजिम नियम निलम्बनको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

उक्त प्रस्तावको मा० श्री रामकुमारी चौधरी र मा० श्री प्रमोद साहले समर्थन गर्नुहुने ।

### व्यवस्थापन कार्य

६. "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि मा० श्री प्रेम सुवालले प्रस्तुत गर्नुभएको विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गरिने ।

७. मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९" प्रस्तुत गर्नुहुने ।

गोपालनाथ योगी

प्रतिनिधि सभाको सचिव